# <u>औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैंगिक हिंसा विरुद्धको आचार संहिता, २०६७</u>

<u>प्रस्तावना:</u> नेपाल सरकारले सन् २०१० लाई लैंगिक हिंसा विरुद्धको वर्षको रुपमा मनाउने निर्णय गरेको पृष्ठभूमिमा नेपालले अन्तर्राष्ट्रिय समुदाय समक्ष व्यक्त गरेका लैंगिक हिंसा विरुद्धका विभिन्न प्रतिवद्धता र मुलुकभित्र विद्यमान सदाचार र सुसंस्कृतिका आवश्यक पक्षलाई समेत समेटी सुरक्षित, मर्यादित र स्वच्छ कार्य वातावरण सिर्जना गरी औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैंगिक हिंसा नियन्त्रण गर्ने उद्देश्यले "औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैंगिक हिंसा विरुद्धको आचार संहिता" बनाई लागू गर्न वान्छनीय भएकोले नेपाल सरकार, उद्योग मन्त्रालयले यो आचार संहिता जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>

१.१. यो संहिताको नाम " औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैंगिक हिंसा विरुद्धको आचार संहिता, २०६७" रहेको छ ।

१.२. यो आचार संहिता तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "कर्मचारी" भन्नाले प्रतिष्ठानको प्रशासनिक र प्राविधिक कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

(ख) "कामदार" भन्नाले प्रतिष्ठानको उत्पादन कार्य वा सेवा प्रदान गर्ने कार्य वा सो कार्यको निमित्त प्रयोग भएको घर, जग्गा वा मेशिनरी वा त्यसको कुनै भागमा कार्य गर्ने वा त्यस्तो कार्यसँग सम्वन्धित काम वा अरु कुनै आकस्मिक काम गरे वापत पारिश्रमिक दिई काम लगाइएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले पिसरेट, ठेक्का वा करार अन्तर्गत काम गर्ने कामदारलाई समेत जनाउँछ ।

(ग) "प्रतिष्ठान" भन्नाले कुनै वस्तु वा सेवा उत्पादन तथा विक्री वितरण गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै उद्योग, कल कारखाना, व्यवसाय, कम्पनी, संगठन, फर्म वा तिनको समूह सम्झनु पर्छ र सो शब्दले लघु उद्यम समेतलाई

जनाउँछ ।

(घ) ”लैंगिक हिंसा“ भन्नाले प्रतिष्ठानको कुनै व्यक्तिले प्रतिष्ठानको अर्को कुनै व्यक्तिलाई दिएको वा गरेको शारीरिक, मानसिक वा यौनजन्य यातना वा कुनै व्यक्तिले अर्को कुनै व्यक्तिलाई गरेको लैंगिक सम्वन्धी गाली गलौज, अवहेलना, यौन प्रताडना(सेक्स्युयल ह्यारेसमेण्ट), यौन शोषण, दुर्व्यवहार, निन्दा वा यस्तै प्रकारका निन्दनीय कार्य गर्न दुरुत्साहन गर्ने कार्य समेत सम्झनु पर्छ ।

(ङ) “समिति” भन्नाले दफा ५.१ वमोजिमको आचार संहिता कार्यान्वयन तथा अनुगमन समिति सम्झनु  पर्छ ।

३. <u>लैंगिक हिंसा हुने काम कारवाही गर्न गराउन नहुने :</u>

३.१ प्रतिष्ठानले लैंगिक हिंसा हुने कुनै पनि किसिमको कार्य गर्नु गराउनु हुँदैन ।

३.२ प्रतिष्ठानमा कर्मचारी वा कामदारले काम गर्दा प्रतिष्ठानले लैंगिक हिंसा हुने वातावरण सिर्जना   गर्नु हुदैन ।

४. <u>प्रतिष्ठानले लैंगिक हिंसा हुन नदिन कार्यहरु गर्नु पर्ने :</u> प्रतिष्ठानले कार्यस्थलमा लैंगिक हिंसा हुन नदिन देहायका कार्यहरु गर्नु पर्नेछ :

(क) लैंगिक हिंसा हुन नदिन कामदार, कर्मचारी र व्यवस्थापन वीच निरन्तर सम्पर्क, सम्वाद र छलफल हुने व्यवस्था गर्ने,

(ख) लैंगिक हिंसा विरुद्ध जनचेतना जगाउने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने,

(ग) सीप, क्षमता र वृत्ति विकासका क्रियाकलापहरु सञ्चालन गर्ने र यस्ता क्रियाकलापहरुमा महिला कामदार वा महिला कर्मचारी वा तेस्रो लिङ्गीको सहभागिता अभिवृद्धि गर्न सहुलियत वा प्रोत्साहन दिने,

(घ) लैंगिक हिंसा गर्ने कामदार वा कर्मचारी उपर विभागीय कारवाही गर्न प्रतिष्ठानको सम्वन्धित नियमावली/विनियमावलीमा आवश्यक प्रावधान राख्ने,

(ङ) लैंगिक हिंसाका घटना घटेको पाइएमा छानवीन गरी दोषी उपर कारवाही गर्ने,

(च) कम्तीमा दुई महिना एक पटक बैठक गर्ने,

(छ) प्रतिष्ठानमा लेख्दा, बोल्दा र व्यवहार गर्दा लैंगिक संवेदनशीलता र शिष्टाचारमा जोड दिने ।

(ज) महिला र पुरुषका लागि छुट्टाछुट्टै ड्रेसिङ्ग कक्ष र शौचालयको व्यवस्था गर्ने,

५. <u>आचार संहिता कार्यान्वयन तथा अनुगमन समिति:</u>

५.१. यस आचार संहिताको उल्लंघन हुन नदिन आवश्यक कार्यक्रम सञ्चालन गर्न र यस आचार संहिताको  उल्लंघन भएको पाइएमा वा यस सम्वन्धी उजुरी परेकोमा छानविन गरी दोषी उपर कारवाहीको लागि सिफारिस गर्न प्रत्येक प्रतिष्ठानमा देहायवमोजिमको एक आचार संहिता कार्यान्वयन तथा अनुगमन समिति रहनेछ ।

(क) प्रतिष्ठानका कार्यकारी प्रमुख वा निजले तोकेको प्रतिष्ठानको बरिष्ठ अधिकृत......संयोजक

(ख) सम्वन्धित प्रतिष्ठानको प्रशासन शाखा वा जनशक्ति व्यवस्थापन शाखाका प्रमुख ...सदस्य

(ग) प्रतिष्ठानमा क्रियाशील ट्रेड युनियनका प्रतिनिधिहरु एक एक जना ......................सदस्य

(घ) प्रतिष्ठानका कार्यकारी प्रमुखले तोकेको महिला कामदार र महिला कर्मचारी एक एक जना ................................................................................ सदस्य

(ङ) प्रतिष्ठानका कार्यकारी प्रमुखले तोकेको पुरुष कामदार वा कर्मचारी एक जना ......सदस्य

५.२. समितिको वैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा कम्तीमा दुई महिनामा एक पटक वस्नेछ ।

५.३. समितिको वैठकका लागि कम्तीमा पचास प्रतिशत सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

५.४. समितिको वैठकमा उपस्थित वहुमत सदस्यहरुको निर्णय समितिको निर्णय मानिनेछ ।

५.५. समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) प्रतिष्ठानभित्र लैंगिक हिंसा हुने कुनै कार्य हुन नदिन प्रशिक्षण, अभिमुखिकरण कार्यक्रम, जनचेतना अभिवृद्धि र प्रचार प्रसार गर्ने,

(ख) प्रतिष्ठानभित्र लैंगिक हिंसा हुने कुनै कार्य भए गरेको पाइएमा वा कुनै उजुरी परेकोमा उजुरीउपर छानविन गरी दोषी उपर कारवाहीका लागि कार्यकारी प्रमुख समक्ष सिफारिस गर्ने,

(ग) लैंगिक हिंसा विरुद्धको कार्य योजना तयार गर्ने र सो कार्य योजना कार्यान्वयनका लागि कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने,

(घ) प्रतिष्ठानमा लैंगिक हिंसा हुन नदिन आवश्यक सतर्कता अपनाउने,

(ङ) लैंगिक हिंसा विरुद्ध संचालित कार्यक्रमको अनुगमन, मूल्यांकन गर्ने,

(च) लैंगिक हिंसा सम्वन्धी उजुरी वा गुनासो निवेदन, उजुरी पेटिका, इमेल, टेलिफोन, फ्याक्स लगायतका माध्यमवाट लिने व्यवस्था मिलाउने ।

(छ) लैंगिक हिंसा विरुद्ध उजुरी गर्ने उजुर कर्ताको नाम, थर घटनाको पुष्टि नभएसम्म गोप्य राख्ने व्यवस्था गर्ने ।

(ज) कार्यस्थलको वातावरण स्वस्थ, सुरक्षित, पारदर्शी र लैंगिक मैत्री वनाई लैंगिक हिंसाको स्थिति उत्पन्न नहुने व्यवस्था गर्ने ।

५.६. समितिले आफू समक्ष प्राप्त उजुरी वा गुनासोको सम्वन्धमा छानविन गरी घटनाको प्रकृति हेरी सात दिनदेखि बढीमा तीन महिनाभित्र सिफारिस गरिसक्नु पर्नेछ ।

६. <u>आचार संहिताको पालना गर्नु पर्ने :</u>

६.१ यस आचार संहिताको पालना गर्नु गराउनु सवै प्रतिष्ठानको कर्तव्य हुनेछ ।

६.२ यस आचार संहिताको पालना प्रतिष्ठानको व्यवस्थापनमा संलग्न व्यक्तिले समेत गर्नु पर्नेछ।

६.३ यस आचार संहितको पालना भए नभएको अनुगमन प्रतिष्ठान दर्ता गर्ने निकाय र सो को तालुक निकायले अनुगमन सूचकको विकास गरी गर्नेछ ।

६.४ यस आचार संहिता पूर्ण रुपमा पालना गर्ने गराउने कार्यमा उत्कृष्ट ठहरिएका प्रतिष्ठानलाई अनुगमन सूचकको आधारमा अनुगमन गर्ने निकायले पुरस्कृत गर्नेछ ।